दक्षिणकाली नगरपालिका
दक्षिणकाली नगरपालिका

नगर राजपत्र

खण्डः ०५ संख्याः ५० मितिः असार १० गते, २०७८

दक्षिणकाली नगरपालिका, काठमाडौँको आर्थिक बर्ष २०७८/७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

भाग-१

दक्षिणकाली नगरपालिका

विनियोजन ऐन, २०७८/७९

प्रस्तावना :

दक्षिणकाली नगरपालिका, काठमाडौँ २०७८/७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम दक्षिणकाली नगरपालिका, काठमाडौँको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"दक्षिणकाली नगरपालिका, काठमाडौँको विनियोजन ऐन,"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७८/७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०७८/७९को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.९६,८७,९१,०००/- (अक्षेरुपी छयानव्वे करोड सतासी लाख एकानव्वे हजार रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/७९ को निमित्त दक्षिणकाली नगरपालिका, काठमाडौँको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा

एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) चालु आ.व.२०७७/७८ मा दक्षिणकाली नगरपालिकाको कार्यपालिकाले निर्णय गरि संचालन गरेका मर्मत संभार कोष, विपद व्यवस्थापन कोष तथा कोरोना कोषबाट भएको व्ययभारको नगरसभाले समर्थन गरेको छ साथै केहि शिर्षकहरुमा भएका श्रोतान्तर र रकमान्तर समेत समर्थन गरेको छ ।

(५) यस नगरपालिकाको आन्तरिक श्रोतको सिमितता भएको र कोभिडको कारण लक्ष्य वमोजिमको राजश्व समेत संकलन नभएको अवस्थामा घाटा वजेट प्रस्तुत गरिएको छ । सो घाटा वजेटको पूर्ति आन्तरिक ऋण सर्वसाधारणबाट ऋणपत्रको माध्यमबाट उठाइने छ भने नपुग रकमको लागी अन्तर सरकारी ऋण मार्फत पूर्ति गर्न गरिने छ ।

(६) माथि जुनसुकै कुरा लेखिएको भएता पनि घाटा वजेटको पूर्तीको हकमा नगरपालिकाले कुनै पनि ऋण वा अनुदान नलिएमा घाटा वजेटबाट विनियोजित भएका शिर्षकहरुको स्रोत सुनिश्चितता भए पश्चात मात्र भूक्तानी गरिने छ ।

४. **खरिदको भूक्तानीः** (१) सातौं नगरसभाले तय गरेका कार्यक्रम तथा योजनाको खरिदमा वार्षिक खरिद योजना नवनाई भूक्तानी गरिने छैन । यो व्यवस्था शशर्त कार्यक्रम तथा उपभोक्ता समितिबाट संचालित योजनामा भने लागु हुनेछैन ।

(२) यस आर्थिक वर्षमा संचालन गरिने कुनै पनि योजना तथा कार्यक्रम सम्झौता नगरि संचालन भएमा त्यसको व्ययभारको जिम्मा सोहि पक्ष हुनेछ ।

५. **साझेदारी कार्यक्रममा भूक्तानीः** राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभागको निर्णय वमोजिम सो शाखामा कार्यरत कर्मचारीको कुल विनियोजित वजेटको ४०% यस नगरपालिकाले साझेदारी व्यहोर्नुपर्ने व्यवस्था अनुसार सो ४०% थप गरि उल्लेखित वजेट समेत करार सेवा शुल्क शिर्षकमा समावेश गरिएको हुनाले सोहि शिर्षकबाट भूक्तानी गरिनेछ ।

६. **खेलकुद कार्यक्रमको भूक्तानीः** युवा तथा खेलकुद तर्फ विनियोजित वजेटको भूक्तानी नगरपालिकाबाट निर्माण भई स्विकृत भएको खेलकुद मापदण्ड, २०७६ तथा कार्यविधि २०७६ वमोजिम हुनेछ । सो मापदण्ड तथा कार्यविधि भन्दा

वाहिर गई खेलकुद संचालन तथा खेल सामाग्री वितरण गरि भूक्तानी माग गर्न आएमा भूक्तानी दिइने छैन र सोहि पक्षलाई जिम्मेवार बनाइनेछ ।

७. **तलवमानमा वृद्धीः** संघिय सरकार तथा प्रदेश सरकारले निर्णय गरे वमोजिम यस नगरपालिकामा कार्यरत संघिय निजामति कर्मचारी, स्थायी कर्मचारी तथा करार सेवाका कर्मचारीहरुले खाईपाई आएको सुरु तलव स्केलमा रु.२०००/- थप गरिनेछ र त्यसको व्ययभार आन्तरिक स्रोत तथा राजश्व वाडफाँडबाट प्राप्त अनुदानलाई आधार वनाइने छ ।

अनुसूचि १

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, काठमाडौँ
कार्यालयको कोड : ८०३३५४०७३००

Details of Income and Expenditure

आ.व. : २०७८/७९

शीर्षक	आ.व. २०७६/७७ को यथार्थ	आ.व. २०७७/७८ को संशोधित अनुमान	आ.व. २०७८/७९ को अनुमान
आय	५८,३६,६०,८१७	६४,७२,४०,९७३	९६,८७,९१,०००
राजस्व	१६,९९,४१,३८१	२७,११,८२,९७३	१८,६३,८८,३१३
आन्तरिक श्रोत	८,०२,८३,५६४	१०,५२,०४,७६३	५,००,००,०००
११३१३ एकीकृत सम्पती कर		०	२,८०,३४२
११३१४ भुमिकर/मालपोत	५,६२,७८,५६४	२,००,००,०००	३४,२१,००१
११३२१ घरवहाल कर		२०,००,०००	३७,३४,९३३
११३२२ वहाल विटौरी कर		४०,००,०००	०
११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर		०	२,६४,००,०००
१३४११ अन्य संस्थागत आन्तरिक अनुदान		१,००,००,०००	०
१४२१३ अन्य बिक्रीबाट प्राप्त रकम		४,५०,५४,७६३	०
१४२१६ निजी धारा वापतको शुल्क		०	७६,५००
१४२१८ विद्युत सेवा शुल्क		०	१,३२,७००
१४२२१ न्यायिक दस्तूर		१०,००,०००	१०,९००
१४२२४ परीक्षा शुल्क		५,००,०००	०
१४२४२ नक्सापास दस्तुर		५०,००,०००	३८,५२,४७२
१४२४३ सिफारिश दस्तुर		१,०१,५०,०००	९२,९७,४०८
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर		५,००,०००	४६,९५०

१४२४५ नाता प्रमाणित दस्तुर		०	२,१५,८४७
१४२४९ अन्य दस्तुर	२,४०,०५,०००	२०,००,०००	२१,५८,९४७
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर		५०,००,०००	३,७२,०००
राजस्व बाँडफाँडबाट प्राप्त रकम	८,९६,५७,८१७	१६,५९,७८,२१०	१३,६३,८८,३१३
११३१५ घरजग्गा रजिष्टेशन दस्तुर	६,०९,४३,८४४	८,००,००,०००	६,००,००,०००
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	२,३०,२७,१९९	६,९५,९८,२१०	३,००,०९,०००
११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क		०	३,००,०९,०००
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	५६,८६,७७४	१,६३,८०,०००	१,६३,७०,३१३
अन्य आय			
अन्तर सरकारी वित्तीय हस्तान्तरण	४१,३७,१९,४३६	३७,००,५८,०००	४०,१३,४१,०००
संघीय सरकार	३९,०२,२१,४३६	३२,६०,७६,०००	३२,००,००,०००
१३३११ समानिकरण अनुदान	९,०४,५०,०००	१०,४२,००,०००	१०,८५,००,०००
१३३१२ शसर्त अनुदान चालु	२९,९७,७१,४३६	२०,०२,७६,०००	१८,७२,००,०००
१३३१३ शसर्त अनुदान पुँजीगत		०	४३,००,०००
१३३१४ विषेश अनुदान चालु		१,२०,००,०००	०
१३३१५ विषेश अनुदान पुँजीगत		०	१,००,००,०००
१३३१६ समपुरक अनुदान चालु		९६,००,०००	०
१३३१७ समपुरक अनुदान पुँजीगत		०	१,००,००,०००
प्रदेश सरकार	२,३४,९८,०००	४,३९,८२,०००	६,५०,८६,०००
१३३११ समानिकरण अनुदान	१,०१,५१,०००	१,००,७४,०००	९०,३४,०००
१३३१२ शसर्त अनुदान चालु	१,२१,४७,०००	१,३९,०८,०००	६१,५६,०००
१३३१३ शसर्त अनुदान पुँजीगत		०	१,४५,००,०००
१३३१५ विषेश अनुदान पुँजीगत		०	५४,००,०००

१३३१६ समपुरक अनुदान चालु	१२,००,०००	२,००,००,०००	०
१३३१७ समपुरक अनुदान पुँजीगत		०	२,९९,९६,०००
स्थानीय तह		०	१,६२,५५,०००
१३३११ समानिकरण अनुदान		०	१,६२,५५,०००
बैदेशिक			
जनसहभागिता		६०,००,०००	४०,००,०००
वित्तीय व्यवस्था (प्राप्ति)		०	२७,७०,६१,६८७
ऋणा (आन्तिरक)	०	०	१०,००,००,०००
व्यय	३९,७४,३७,५३०.२२	८९,५७,८९,२९०	९६,८७,९१,०००
चालु	२६,६९,९९,१५४.५८	४४,७८,६६,०००	४४,२१,३९,६०८
२११११ पारिश्रमिक कर्मचारी	१३,००,१८,८५४	१६,२७,४०,०००	१३,०३,३४,०००
२११११२ पारिश्रमिक पदाधिकारी	८९,०६,३२३	१,००,००,०००	३,८०,८०,०००
२११२१ पोशाक	७,९०,०००	१०,७०,०००	११,८०,०००
२११३२ महंगी भत्ता	५,८७,०००	१०,००,०००	१०,००,०००
२११३४ कर्मचारीको बैठक भत्ता	४,५९,१३०	४६,४०,०००	१६,००,०००
२११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार	१८,००,०००	५७,७१,०००	२३,१३,०००
२११३९ अन्य भत्ता	१,००,०००	२,००,०००	४,७०,०००
२११४१ पदाधिकारी बैठक भत्ता	१४,४३,६००	३,००,०००	४,००,०००
२१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च	०	१७,००,०००	१८,००,०००
२१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	०	१,००,०००	०
२१२१४ कर्मचारी कल्याण कोष	२०,००,०००	३०,००,०००	२५,००,०००
२२१११ पानी तथा बिजुली	४,९५,९३८	१४,५०,०००	१०,००,०००
२२११२ संचार महसुल	१०,४८,७७४	१५,०५,०००	१८,५०,०००

२२२१२ इन्धन (कार्यालय प्रयोजन)	२०,१८,३१८	३५,००,०००	३०,००,०००
२२२१३ सवारी साधन मर्मत खर्च	१२,९९,७०८.७०	३३,००,०००	२५,५०,०००
२२२१४ बिमा तथा नवीकरण खर्च	२,८०,४३१	३१,००,०००	१०,००,०००
२२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	७,८५,२४४.७२	१७,०२,०००	९,२०,०००
२२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	५,७१,६१७	५,००,०००	९,००,०००
२२३११ मसलन्द तथा कार्यालय सामाग्री	१६,८५,३७३	२०,६०,०००	२०,००,०००
२२३१३ पुस्तक तथा सामग्री खर्च	१६,३१,७४३	२९,८७,०००	१५,००,०००
२२३१४ इन्धन - अन्य प्रयोजन	१,६१,००६	२,००,०००	३,००,०००
२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	३५,८०,२४३.७०	३१,२५,०००	२०,००,०००
२२३१९ अन्य कार्यालय संचालन खर्च	०	०	१,००,०००
२२४११ सेवा र परामर्श खर्च	१८,१९,२९७	९०,००,०००	६४,००,०००
२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	११,८०,६९२	७७,००,०००	३५,००,०००
२२४१३ करार सेवा शुल्क	१,२३,४३,२७२	१,६०,००,०००	१,८५,००,०००
२२५११ कर्मचारी तालिम खर्च	५,३८,५४५	१५,००,०००	५०,००,०००
२२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	१३,४४,५८५	९६,९४,०००	३२,५०,०००
२२५२१ उत्पादन सामग्री / सेवा खर्च	९,००,०००	४५,५०,०००	२१,००,०००
२२५२२ कार्यक्रम खर्च	५,९५,३२,४६०	११,२४,३०,०००	१३,०५,३०,३९२
२२५२९ विविध कार्यक्रम खर्च	८,९७,८५८	१,१२,००,०००	१,१३,९६,०००
२२६११ अनुगमन, मूल्यांकन खर्च	२,०२,५००	२०,७२,०००	१०,७२,०००
२२६१२ भ्रमण खर्च	७,६०,२८०	११,०२,०००	२९,९८,०००
२२७११ विविध खर्च	५७,३२,१२०.२५	५६,४२,०००	४२,८३,०००
२२७२१ सभा सञ्चालन खर्च	६,५३,९१६.५०	१५,००,०००	१०,००,०००

२५३११ शैक्षिक संस्थाहरूलाई सहायता	८,९१,८६०	१,१७,४१,०००	२७,०७,०००
२५३१२ स्वास्थ संस्थाहरूलाई सहायता	२,००,०००	४३,००,०००	३,००,०००
२५३१३ उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता	०	०	२,००,०००
२५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता	०	२२,५०,०००	०
२५३१५ अन्य सस्था सहायता	१३,१२,२५०	१५,००,०००	५,००,०००
२७११२ अन्य सामाजिक सुरक्षा	०	२२,५०,०००	०
२७२११ छात्रवृत्ति	५,६०,५५०	२,३५,०००	७,८५,०००
२७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च	४१,७२,४६९	२,०१,५०,०००	४,३२,०६,०००
२७२१३ औषधीखरिद खर्च	१८,१३,१५५.७१	६,००,०००	६,००,०००
२८१४२ घरभाडा	७,६०,१९४	३,००,०००	२०,००,०००
२८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा	२१,१७,८४६	२,००,०००	१५,००,०००
२८२१९ अन्य फिर्ता	९६,०२,०००	८०,००,०००	३५,१५,२१६
पूंजीगत	१३,०४,३८,३७५.६४	४४,७९,२३,२९०	५२,६६,५१,३९२
३११११ आवासीय भवन निर्माण/खरिद	०	६,७४,०००	०
३११११ गैर आवासीय भवन निर्माण/ खरिद	०	६,१३,२०,०००	१,८७,००,०००
३११११ निर्मित भवनको संरचनात्मक सुधार खर्च	०	०	१८,००,०००
३११११ जग्गा विकास कार्य	०	२,००,०००	०
३११२१ सवारी साधन	४६,७१,८२२	३०,००,०००	३०,००,०००
३११२२ मेशिनरी तथा औजार	३०,१६,४६६	९१,५०,०००	५१,९०,०००
३११२३ फर्निचर तथा फिक्चर्स	१३,८७,५६८.५०	३२,००,०००	२३,६०,०००
३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च	०	०	२,००,०००
३११५१ सडक तथा पूल निर्माण	५,५८,०४,२१३	१८,७५,९८,६३३	२३,८५,६०,०००

३११५३ विद्युत संरचना निर्माण	०	३०,००,०००	१२,५५,०००
३११५४ तटबन्ध तथा बाँधनिर्माण	०	०	२,५०,०००
३११५५ सिंचाई संरचना निर्माण	२४,६८,९८८	८,५०,०००	५३,००,०००
३११५६ खानेपानी संरचना निर्माण	१,६८,५५,१७६.१४	४,७१,७०,०७९	३,९८,५५,०००
३११५७ वन तथा वातावरण संरक्षण	०	६,६५,०००	१,०५,८१,०००
३११५८ सरसफाई संरचना निर्माण	०	०	६८,००,०००
३११५९ अन्य सार्वजनिक निर्माण	४,६२,३४,१४२	१३,१०,९५,५७८	१९,२८,००,३९२
वित्तीय	०	०	०
३२१५१ संस्थानमा शेयर लगानी	०	०	०
बजेट बचत (+)/न्यून	१८,६२,२३,२८६.७८	(२४,८५,४८,३१७)	(१०,००,००,०००)
गत वर्षको नगद मौज्दात	१२,५८,३०,२३५.३७	२४,८५,४८,३१७	१०,००,००,०००

प्रमाणीकरण: २०७८ असार १० गते

मूल्य रू. २०/-

आज्ञाले,

तुलसी बहादुर श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत